नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
#५१

२७ साउन २०७७

| २०७७ बैशाख १ देखि साउन २६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १८२ | ४३ | १४९ | ७ | १२ | ३ | ५० | ० | १६४ | **२३९** | **५५** | **३१६** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन २६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १८० | ४३ | १४८ | ५ | ११ | १ | २० | ० | ४५ | **२०५** | **५४** | **१९४** |

# दैनिक विपद् बुलेटिन

२६ साउन विहान १०:०० बजेदेखि २७ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **५** स्थानमा **पहिरो, ५** स्थानमा **अबिरल वर्षा, ३** स्थानमा **आगलागी,** २ स्थानमा **बाढी**का घटना घटेका छन् । यी घटनामा परेर ४ जनाको **मृत्यु, ७** जना **घाईते** भएका छन् । **पहिरोका** कारण १ स्थानमा **बाटो अबरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ४ | ० | १५ | ७ | ५०,२०,००० | १ | ९ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१५** वटा घट्ना भएका छन् ।
- **डोटी**को आदर्श गाउँपालिका वडा नं १ बाझककनीस्थित एक घर गोठ **अबिरल बर्षा**को कारण भत्किदा एकै परिवारका आमा र छोराछोरी सहित ४ जनाको घटनास्थलमै मृत्यु, अन्य ५ जना घाईते । सोही घर गोठ भित्र रहेका १ वटा गाई, २ वटा गोरु, २ वटा बाख्रा च्यापिएर मरेको ।
- **कास्की**को पोखरा महानगरपालिका वडा नं २८ स्याङखुदीस्थित एक कुखरा फार्म रेखदेखको लागि बनाएको एकतले भवनको माथिबाट **पहिरो** आई भत्कन जांदा उक्त भवन भित्र रहेका **२** जना घाईते ।
- **नुवाकोट**को बिदुर नगरपालिका वडा नं १३ कागुनेस्थित एक गोठ **पहिरो** आई पुरिदा गोठमा रहेको २ वटा भैंसीको मृत्यु ।
- **ताप्लेजुङ्ग**को सिदिङवा गाउँपालिका वडा नं ३ आङखोपस्थित २ जनाका अलैचीबारी **पहिरो**ले बगाई ४ **लाख** रुपैंया वरावरको क्षति ।
- **गुल्मी**को गुल्मी दरवार गाउँपालिका वडा नं ५ कुसिन चौरस्थित एक घर र गोठ **पहिरो** आई पुरिदा गोठ भित्र रहेको १ वटा गाईको मत्यु । वडा नं २ हल्दुङस्थित एक गोठ **अविरल बर्षा**को कारण भत्कीई गोठ भित्र रहेको १ वटा भैसीको मृत्यु ।

## घट्ना सारांश...

- **रोल्पा**को परिवर्तन गाउँपालिका वडा नं २ भुल्टुङस्थित एक घर र एक गोठ **अविरल बर्षा**को कारणबाट भत्किई **४ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।
- **हुम्ला**को अदानचुली गाउँपालिका वडा नं ३ रोकायागाउँस्थित एक घर **अबिरल बर्षा**को कारण भत्कीई घर भित्र रहेको अन्नपात ,भाँडाबर्तन, लत्ताकपडा गरी **४ लाख ९ हजार** रुपैंया बराबरको क्षति ।
- **बाजुरा**को गौमुल गाउँपालिका वडा नं २ तल्लो दुगुनस्थित बुढीगंगा नदीमा **वाढी** आई नदीको किनारामा रहेका **७** वटा **घर** र **२** वटा **पसल** बगाएको । बडिमालिका नगरपालिका वडा नं २ भौनेरास्थित बुढीगंगा नदीमा आएको **बाढी**ले **९** वटा **घर, ५** वटा **पसल र १** वटा बगाएको ।
- **काठमाडौं** महानगरपालिका वडा नं २८ पुतलीसडकस्थित एक घरमा संचालित STANDRED EDUCATION CONSULTECNY मा ईन्भर्टरको तार सर्ट भई **आगलागी** हुँदा कम्प्यूटर लगायत विभिन्न सरसमान जलि **२५ लाख ६१ हजार** रुपैंया बराबरको क्षति ।
- **मकवानपुर**को मनहरी गाउँपालिका वडा नं ५ डिल्लिपुरस्थित एक पोल्ट्री फर्मामा बिजुलीको तार सर्ट हुन गई अचानक **आगलागी** हुँदा कुखुराको खोर र खोर भित्र रहेको **१३ सय** कुखुरा र सँगै रहेको गोठ जली नष्ट भई **१२ लाख** रुपैंया बराबरको क्षति । हेटौडा उपमहानगरपालिका वडा नं ४ मा रहेको शिव वावा पेट्रोल पम्ममा बा ९२ प २४६३ नं को मोटरसाइकलमा तेल हाली स्टाट गर्ने क्रममा अचानक **आगलागी** हुँदा मोटरसाइकल पूर्ण रुपमा जली क्षती ।
- **कैलाली**को धनगढी उपमहानगरपालिका वडा नं ५हसनपुरस्थित एक कुखुरा फर्ममा **बाढी** पसि फर्ममा रहेका ३०० वटा कुखुराको मृत्यु ।

## बाटो अबरोध

- **पाल्पा**को रामपुर नगरपालिका वडा नं ७ गिजिङ डाँडास्थित **रामपुर तानसेन पक्की सडक खण्ड**मा **पहिरो** झरी **सडक पुर्णरुपमा अवरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट अबिरल वर्षा र पहिरोका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको र पहिरोका कारण अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन २६ गते बिहान ०८:४५ बजे देखि साउन २७ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/२७ गते बिहान ०८:४५ बजे १९६ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६६ र स्वचालितः १३०) मा मापन गरिएको वर्षाको विवरण अनुसार १६५ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१८८.२ मि. मी.) बाजुरा जिल्लाको ओलेना केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ३७ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ७७ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-२७ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य बढ्ने तथा सतर्कता तह भन्दा तलै हुने । आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तर सतर्कता तह आसपास नै हुने ।
- आज कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने भएता पनि कन्काई, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती,बबईका केही स-साना सहायक नदीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङ्गा, प्रदेश २ का सबै जिल्लाहरु, सिन्धुली, रामेछाप, दोलखा, काभ्रेपलान्चोक, काठमाडौं उपत्यका,सिन्धुपाल्चोक, नूवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, नवलपरासी, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, बाग्लुङ, रुकुम, रोल्पा, प्युठान,गुल्मी, दाङ, सुर्खेत, सल्यान, बाँके, बर्दिया, जाजरकोट, दैलेख, कालिकोट, डोटी, अछाम, कैलाली, कञ्चनपुर भई बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र केहीमा आकस्मिक बहाब (Flash Flood) भई सतर्कता पुग्न सक्ने पूर्वानुमान छ ।

नोट :पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइट:http://hydrology.gov.np/